प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

# व्यवसायिक केरा खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावनाः सुदूरपश्चिम प्रदेशमा व्यवसायिक रुपमा केरा खेती गरी यसको उत्पादकत्व तथा उत्पादन वृद्धिबाट आन्तरिक माग पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि यसको खेतीमा उच्चतम प्रविधि प्रयोग र व्यापक क्षेत्र विस्तार गर्न सघन रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता महसुस गरी प्रदेश सरकारको नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्राथमिकता दिइएकोले "व्यवसायिक केरा खेती कार्यक्रम" लाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वान्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो कार्यविधिको नाम "व्यवसायिक केरा खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले व्यवसायिक केरा खेती कार्यक्रम सम्झनु पर्छ।

(ख) "कृषक" भन्नाले कार्यक्रममा आवद्ध भई व्यवसायिक केरा खेती गर्न इच्छुक व्यक्ति, कृषक समूह, कृषि सहकारी संस्था, कम्पनी तथा फर्म समेत सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले सूदुरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(च) "लाभग्राही" भन्नाले कार्यक्रममा आवद्ध भई व्यवसायिक केरा खेती गर्ने कृषक, कृषक समूह, कृषि सहकारी संस्था, फर्म समेत सम्झनु पर्छ ।



निमित्त सचिव

(छ) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित अनुदान व्यस्थापन तथा प्राविधिक समिति सम्झनु पर्छ।

(ज) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>अनुदान व्यवस्थापन तथा प्राविधिक समिति</u>: कृषि ज्ञान केन्द्रमा देहाय बमोजिम अनुदान व्यवस्थापन तथा प्राविधिक समिति रहनेछः-

(क) प्रमुख, कृषि ज्ञान केन्द्र - संयोजक

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -सदस्य

(ङ) प्रतिनिधि, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य

(च) प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(छ) प्रमुख, अध्ययन परीक्षण तथा तथ्यांक शाखा, कृषि ज्ञान केन्द्र -सदस्य-सचिव

४. <u>बैठक सम्बन्धी कार्यविधि</u> :(१) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

निमित्त सचिव

५. <u>समितिको काम कर्तव्य र अधिकार:</u> दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम प्रस्ताव साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

(ख) कार्यक्रम प्रस्तावमा परिमार्जन गर्न आवश्यक देखिएमा सोको औचित्यता खुलाई मन्त्रलयमा सिफारिस गर्ने,

(ग) अनुसूची-२ बमोजिम तोकिएका मूल्याङ्कनका आधारहरुको परिधि भित्र रही वस्तुपरक र न्यायोचित ढंगले अंकभार बाँडफाँड गर्ने,

(घ) प्राप्त प्रस्तावहरुको मूल्याङ्कनका लागि सहयोग गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(च) सञ्चालित कार्यक्रमको चौमासिक रुपमा समिक्षा गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने, र

(छ) कार्यक्रम कार्यान्वयन गर्ने इकाईलाई आवश्यक निर्देशन दिने ।

६. <u>कार्यक्रम सञ्चालन क्षेत्र:</u> (१) यस कार्यक्रम विस्तृत सम्भाव्यता अध्ययनको आधारमा मन्त्रालयले तोकेको जिल्लामा सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि जिल्ला छनोट गर्दा देहायका विषयहरुलाई ध्यान दिनु पर्नेछ :-

(क) सतह तथा भूमिगत सिंचाईको उपलव्धता,

(ख) सडक र विधुतको उपलव्धता,

(ग) व्यवसायको दीगोपनाको सुनिश्चितता,र

(घ) बजारको पहुँच ।

७. <u>कार्यक्रमका मुख्य क्रियाकलाप:</u> (१) यस कार्यक्रमका मुख्य क्रियाकलापहरु देहाय बमोजिम हुनेछन:-

(क) केरा खेतीको क्षेत्रफल विस्तार,

(ख) केराको उत्पादकत्व वृद्धि गर्न प्रविधि विस्तार, यान्त्रीकरण, माटो परीक्षण, तालिम, सन्तुलित मलखादको प्रयोग,



निमित्त सचिव

(२) उपदफा (१) बमोजिमका कार्यहरु प्रभावकारी बनाउन केरा उत्पादक कृषकहरु, नर्सरी, कृषक संस्थाहरु, बिमा कम्पनी, राइपेनिङ्ग च्याम्बर तथा विभिन्न सरकारी तथा गैर सरकारी सेवा प्रदायक निकायहरु बीच समन्वय र सहकार्य गर्नु पर्नेछ।

८. <u>कार्यक्रम तर्जुमा र कार्यान्वयनः</u> (१) व्यवसायिक केरा खेती कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले सम्बन्धित ज्ञान केन्द्रको वार्षिक कार्यक्रममा नै समावेश हुने गरी बजेटको व्यवस्था गर्नेछ ।

(२) दफा ६ को उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयनका लागि तोकिएका जिल्लाहरुमा ज्ञान केन्द्रले ३० दिन समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुले अनुसुची-१ बमोजिमको ढाँचामा कृषि ज्ञान केन्द्रमा आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आवेदन गर्ने कृषकहरुले पहाडमा न्यूनतम ५ रोपनी वा तराईमा १० कट्ठा क्षेत्रफलमा केरा खेती गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको क्षेत्रफल भन्दा कम क्षेत्रफलमा केरा खेती गरिरहेका कृषकहरुले, कृषक समूह वा कृषि सहकारीमा आवद्ध भई एकमुष्ठ आवेदन गर्न सक्नेछन् ।

(६) उपदफा (५) बमोजिम आवेदन गर्ने कृषक समूह वा कृषि सहकारीले जग्गाको सुधार गरी चक्लाबन्दी गरी (एकै ठाउँमा) खेती गर्नेलाई प्राथमिकता दिईनेछ ।

(७) उपदफा (३) बमोजिम ज्ञान केन्द्रमा प्राप्त भएका आवेदनहरु समितिमा पेश गरी अनुसुची-२ बमोजिमको मूल्याङ्कन आधारमा लाभग्राही छनौट गरिनेछ ।

(८) उपदफा (७) बमोजिम लाभग्राहीको मूल्याङ्कन तथा छनौट प्रक्रियामा सहजीकरणका लागि ज्ञान केन्द्रले समितिको बैठकमा केरा संघ, सहकारी, गैर सहकारी संस्थाहरु, बीमा कम्पनीहरु, केरा व्यवसायी तथा राइपेनिंग च्याम्बरका प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(९) उपदफा (७) बमोजिम छनौट भएका लाभग्राहीलाई तोकेको आवश्यक कागजातहरु सहित सम्झौता गर्न आउन ज्ञान केन्द्रले १५ दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।



निमित्त सचिव

(१०) उपदफा (९) बमोजिम प्रकाशित सूचना अनुसार सम्झौता गर्न आउने लाभग्राहीसँग अनुसुची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम सम्झौता गरी अनुदान प्राप्त गर्ने लाभग्राहीहरुले प्रस्ताव गरेको जग्गामा कम्तीमा पाँच वर्षसम्म केरा खेती गर्नुपर्नेछ ।

(१२) उपदफा (१०) बमोजिम सम्झौता गरी अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको जग्गाको भौगोलिक नक्शांकनको लागि चार किल्लाको अवस्थितिको तथ्याङ्क जि.पि.एस.बाट लिइने व्यवस्था मिलाइने छ ।

(१३) उपदफा (१०) बमोजिम सम्झौता गरी कार्यक्रममा सहभागी कृषकहरुलाई ज्ञान केन्द्रबाट आवश्यकता अनुसार प्राविधिक सहजीकरण तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन हुनेछ ।

## परिच्छेद-३

## केरा खेतीको मापदण्ड र अनुदान रकम

९. <u>केरा खेतीको मापदण्डः</u> कृषकले अनुदान रकम प्राप्त गर्न अनुसुची-४ बमोजिमको मापदण्ड अनुसार केरा खेती गरेको हुनुपर्नेछ ।

१०. <u>अनुदान रकम</u> : (१) यस कार्यक्रम अन्तर्गत दफा ९ को अनुसूची-४ मा तोकिएको मापदण्ड अनुसार केरा खेती गर्ने कृषकलाई देहाय बमोजिमको अनुदान रकम प्रदान गरिनेछ :-

(क) प्लाष्टिक मल्चिंग र थोपा सिंचाई जडान गरी केरा खेती गर्ने कृषकलाई प्रति १ हेक्टर (तराईमा प्रति ३० कट्ठा वा पहाडमा प्रति २० रोपनी) कूल लागतको पचास प्रतिशत वा एकलाख असीहजार रुपैयाँ जुन कम हुन्छ सोको नगद अनुदान, र

(ख) सतह वा भुमिगत सिंचाईको व्यवस्था गरी (प्लाष्टिक मल्चिंग र थोपा सिंचाई जडान नगरी) केरा खेती गर्ने कृषकलाई प्रति १ हेक्टर (तराईमा प्रति ३० कट्ठा वा पहाडमा प्रति २० रोपनी) कूल लागतको पचास प्रतिशत वा एकलाख बिसहजार रुपैयाँमा जुन कम हुन्छ सोको नगद अनुदान ।

(२) उपदफा (१) बमोजिम गरिने केरा खेतीको अनुमानित लागत विवरण अनुसुची-५ मा दिइएको छ ।



निमित्त सचिव

## परिच्छेद-४

## कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

११. **कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन:** (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने मूख्य जिम्मेवारी सम्बन्धित कृषि ज्ञान केन्द्रको हुनेछ ।

(२) सञ्चालित कार्यक्रमको मन्त्रालय वा निर्देशनालयले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन कृषि ज्ञान केन्द्रले निर्देशनालयमार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन र उपदफा (३) बमोजिमको प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विज्ञसहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित लाभग्राही वा ज्ञान केन्द्रलाई निर्देशन दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई लाभग्राहीले प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन नगर्ने लाभग्राही वा ज्ञान केन्द्रका प्रमुखलाई प्रचलित कानून बमोजिम मन्त्रालयले कारवाही गर्न वा कारवाहीका लागि सिफारिस गर्नु पर्नेछ ।

(१०) उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(११) सञ्चालित कार्यक्रमको समिति, मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सोझै अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

१२. **सार्वजनिक परीक्षण**: (१) लाभग्राहीले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात कार्यक्रमको देहाय विधि प्रयोग गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ :

(क) सार्वजनिक वा नागरिक सुनुवाई र,

(ख) प्रदेश सरकारबाट उपलब्ध स्रोतबाट प्रस्तावनामा लेखिएको उपलब्धी हासिल भए नभएको सर्वेक्षण प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम गरेको सार्वजनिक परीक्षणको पुष्टी हुने आवश्यक कागजातहरु लाभग्राहीले तयार गरी अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद-५
## कार्यक्रमको मूल्याङ्कन, जाँचपास र फरफारक

१३. **कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक**: (१) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्यसम्पन्न भएको १५ दिन भित्र लाभग्राही कृषकले दफा १२ बमोजिम सार्वजनिक परीक्षण समेत सम्पन्न भएपछि तोकिएका मापदण्ड पूर्ण रुपले कार्यान्वयन भएको पुष्टि हुने कागजात, सक्कल बिल, भौचर लगायत आवश्यक विवरण र कागजात सहित ज्ञान केन्द्र समक्ष भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको १५ दिन भित्र ज्ञान केन्द्रले सम्बन्धित विषयका प्राविधिकहरुको टोली स्थलगत रुपमा खटाई पछिसम्म फरक नपर्ने गरी अनुसुची-६ बमोजिम ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक टोलीले दफा ११ बमोजिम अनुगमन तथा निरीक्षणबाट औंल्याएको विषय कार्यान्वयन भए नभएको व्यहोरा समेत कार्यसम्पन्न प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा ज्ञान केन्द्रले प्रचलित कानून बमोजिम लाभग्राहीको बैंक खातामार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुदानको रकम भुक्तानी भएको जानकारी ७ दिन भित्र मन्त्रालयमा दिनु पर्नेछ ।

(६) भुक्तानी तथा आर्थिक विषय सम्बन्धमा यस कार्यविधिमा लेखिएको हकमा यसै बमोजिम र नलेखिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-६

## विविध

१४. **प्रगति प्रतिवेदन :**(१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिवेदन ज्ञान केन्द्रले निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नेछ।

१५. **कार्यक्रम रद्द गर्न सकिने:** (१) अनुसूची-४ बमोजिमको मापदण्ड अनुसार केरा खेती नगर्ने लाभग्राहीको सम्झौता रद्द गर्न सकिनेछ तथा सो अवस्थामा ज्ञान केन्द्रले तीन वर्षसम्म अनुदान रकम भुक्तानी गर्ने छैन ।

१६. **लाभग्राहीको अभिलेख:** (१) निर्देशनालय वा ज्ञान केन्द्रले यस कार्यविधि बमोजिमका लाभग्राहीको अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) एक पटक अनुदान पाएको लाभग्राहीलाई अनुदान प्राप्त गरेपछि आगामी २ आर्थिक वर्षसम्म अनुदान प्रदान गरिने छैन।

तर व्यवसाय क्षेत्र विस्तार वा नवीन प्रविधिको प्रयोग वा व्यवसाय विविधिकरण गर्न औचित्यता खुलाई समितिले निर्णय गरेमा अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

१७. **कालो सूचीमा राखिने:** अनुदान प्राप्त गरी ज्ञान केन्द्रको प्राविधिक सल्लाह अनुरुप ५ वर्षसम्म केरा खेती नगरी बीचमै व्यवसाय छाड्ने लाभग्राहीलाई ज्ञान केन्द्रले कालो सूचीमा राखी भविष्यमा समेत कुनै पनि प्रकारको अनुदान प्रदान गर्ने छैन।

१८. **लेखा तथा लेखापरीक्षण** : कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१९. **निर्देशन दिन सक्ने:** यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले ज्ञान केन्द्रलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

२०. **प्रचलित कानून बमोजिम हुने:** प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. **बाधा अड्काउ फुकाउने र संशोधन:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

निमित्त सचिव

अनुसूची-१

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**<u>आवेदनको ढाँचा</u>**

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी कैलाली

मिति:

श्री प्रमुख ज्यू

कृषि ज्ञान केन्द्र, ....................

विषय: व्यवसायिक केरा खेती विस्तार कार्यक्रममा समावेश गरिदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट आ.ब. २०....../....... मा व्यवसायिक केरा खेती विस्तार कार्यक्रमा म/हामी संलग्न भई कार्यालयले तोके बमोजिमको मापदण्ड अनुसार सतह/भुमिगत/थोपा सिंचाइ प्रणाली जडान गरी केरा खेती विस्तार गर्न ईच्छुक भएको हुँदा उक्त कार्यक्रममा समावेश गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।केरा खेती विस्तार सम्बन्धी विवरण यस प्रकार रहेको व्यहोरा समेत अनरोध छ ।

क. निवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको नाम:

ख. निवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको ठेगाना:

ग. केरा खेती विस्तार गर्न तोकिएको क्षेत्रको नाम:

घ. केरा खेती विस्तार गरिने क्षेत्रफल (हेक्टर):

ङ. निवेदकको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कम्पनीको आधिकारिक व्यक्तिको हस्ताक्षर र छाप:

<u>संलग्न कागजात</u>

१. कृषक समूह/कृषि सहकारी संस्था/कम्पनी/फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी

२. कृषक समूह/कृषि सहकारी संस्था/कम्पनी/फर्मको निर्णयको प्रतिलिपी

३. नागरिकता तथा लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको सम्झौतापत्रको प्रतिलिपि

४. ..............................



निमित्त सचिव

अनुसूची -२

(दफा ८ को उपदफा (८) सँग सम्बन्धित)

<u>मूल्याङ्कनका आधारहरु</u>

| क्र. सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | आवेदकको व्यवसायिक पृष्ठभूमी, फिल्ड अनुभव तथा तालिम | |
| २ | सडक, विद्युत, सिंचाइ सुविधा भएको | |
| ३ | सामुहिक रुपमा जग्गाको चक्लाबन्दी गरी केरा खेती गर्ने | |
| ४ | राइपेनिंग च्याम्बरसँग केरा बिक्री सम्झौता भएको | |

निमित्त सचिव

अनुसूची-३

(दफा ८ को उपदफा (११) सँग सम्बन्धित)

**लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा**

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

कृषि ज्ञान केन्द्र...................... र.............................................................. बीच

व्यवसायिक केरा खेती कार्यक्रम सञ्चालनका लागि भएको सम्झौता-पत्र

कृषि ज्ञान केन्द्र...................... (यस पछि यस लिखतमा प्रथम पक्ष भनिने) र ............................ (यस पछि यस लिखतमा दोस्रो पक्ष भनिने) बीच आ.व. ...... को व्यवसायिक केरा खेती कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनका लागि तपसिलका शर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्विपक्षीय सम्झौता गरिएको छ ।

**शर्तनामाहरुः**

१. दोस्रो पक्षले देहायका मापदण्डका अधिनमा रही....... क्षेत्रफलमा केरा खेती गर्नेछ ।

| क्र. सं. | विवरण | मापदण्ड | पुष्टिका आधार |
|---|---|---|---|
| १. | जग्गा तयारी | • ल्याण्ड लेजर लेभलर प्रयोग गरी जमिन सम्याएको हुनुपर्ने<br>• लाइन देखि लाइन २ देखि २.५ मिटरको दुरीमा कम्तीमा ६० से.मि चौडाई र १५ से.मी. उचाई भएको ड्यांग तयार गरेको हुनुपर्ने<br>• थोपा सिंचाइ जडान हुने बारीमा कम्तीमा २० माइक्रोन मोटाई भएको सिल्भर प्लाष्टिकले ड्यांगमा छापो हुनुपर्ने | स्थलगत अनुगमन तथा लेभलर प्रयोगको बिल भरपाई |
| २. | बेर्ना | • प्रति हेक्टर कम्तीमा २४०० गुणस्तर खुलेको टिस्युकल्चर केरा बेर्ना रोपेको हुनुपर्ने | स्थलगत अनुगमन तथा बेर्नाको बिल भरपाई |
| ३. | हरियो मल | • माटोको उर्वराशक्ति वृद्धि गर्न तथा केराको कलिलो बेर्नालाई तातो हावा र अत्याधिक गर्मीबाट जोगाउन केरा बेर्नासँगै ड्यांगमा वा दुई वटा ड्यांगको बीचमा सनइ वा ढैंचा रोपिएको हुनुपर्ने | स्थलगत अनुगमन तथा हरियो मल बीउ खरिदको बिल भरपाई |
| ४. | सिंचाइ | • केरा खेती भएको क्षेत्रफल लाई पुग्ने गरी सतह वा भुमिगत सिंचाइको व्यवस्था भएको हुनुपर्ने वा<br>• थोपा सिंचाइ सहितको केरा खेती गर्ने भनी सम्झौता गरेका कृषकहरुले थोपा सिंचाइ सुविधाको पूर्ण रुपमा जडान गरेको हुनुपर्ने | स्थलगत अनुगमन तथा बिल भरपाई |



निमित्त सचिव

| | | | |
|---|---|---|---|
| ५. | बाली बीमा | • बाली बीमा गरेको हुनुपर्ने | बीमा लेखकको प्रतिलिपि |
| ६. | अन्य बाली व्यवस्थापन | • ज्ञान केन्द्रको प्राविधिक सरसल्लाह अनुसार झारपात, खाद्यतत्व तथा रोग कीरा व्यवस्थापन गरेको हुनुपर्ने | स्थलगत अनुगमन तथा बिल भरपाई |
| ७. | कार्यक्रम सार्वजनिकीकरण | • केरा खेती गरिएको स्थानमा अनुसुची-४ बमोजिमको होडिंग बोर्ड राखेको हुनुपर्ने<br>• कार्यक्रमको सार्वजनिक परीक्षण गरेको हुनुपर्ने | स्थलगत अनुगमन बिल भरपाई तथा माइन्युट |

२. प्रथम पक्षले यस सम्झौता बमोजिम................. क्षेत्रफलमा केरा खेती कार्यक्रम सञ्चालनका लागि प्रति हेक्टर रु................. का दरले जम्मा अनुदान रकम रु........................ (अक्षेरपी रु. .................................... मात्र) प्रदान गर्नेछ ।

३. दोस्रो पक्षले सञ्चालन गर्ने सम्पूर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नु पर्नेछ ।

४. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रम सम्बन्धि पूर्ण जानकारी झल्किने बोर्ड राख्नुपर्नेछ ।

५. प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले अनिवार्य रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

७. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य मिति................. भित्र अनिवार्य रुपले सम्पन्न गरी भुक्तानीका लागि आवश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

८. भुक्तानी सम्बन्धमा दोस्रो पक्षले प्रथम पक्षलाई आवश्यक कागजातहरु पेश गरी सके पश्चात, प्रथम पक्षले स्थलगत निरीक्षण गरी तयार गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा दोस्रो पक्षको बैंक खातामार्फत भुक्तानी दिनेछ ।

९. यस सम्झौतामा उल्लिखित शर्तहरु दुवै पक्षका लागि समान रुपले मान्य तथा बन्धनकारी हुनेछन् । दोश्रो पक्षले सम्झौताको शर्तहरुको पालना नगरेमा पहिलो पक्ष एकतर्फी रुपमा सम्झौता भङ्ग गर्न स्वतन्त्र हुनेछ ।

१०. यस सम्झौतामा रहेका शर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानून बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | छापः |

साक्षीहरुः



निमित्त सचिव

## अनुसूची -४

(दफा ९ र दफा १० को उपदफा (१) सँग सम्बन्धित)

### केरा खेतीको मापदण्ड

(१) जग्गा तयारीः

(क) लेभलर प्रयोग गरि जमिन सम्याएको हुनुपर्ने,

(ख) लाइनदेखि लाइन २ देखि २.५ मिटरको दुरीमा कम्तीमा ६० से.मी. चौडाइ र १५ से.मी. उचाइ भएको ड्यांग तयार गरेको हुनुपर्ने,

(ग) थोपा सिंचाइ जडान हुने बारीमा कम्तीमा ६० माइक्रोन मोटाइ भएको सिल्भर प्लाष्टिकले ड्यांगमा छापो दिइएको हुनुपर्ने ।

(२) बेर्नाः

प्रति हेक्टर कम्तीमा २४०० गुणस्तर खुलेको टिस्युकल्चर केरा बेर्ना रोपेको हुनुपर्ने ।

(३) हरियो मलः

माटोको उर्वराशक्ति बृद्धि गर्न तथा केराको कलिलो बेर्नालाई तातो हावा र अत्याधिक गर्मीबाट जोगाउन केरा बेर्नासँगै ड्यांगमा वा दुई वटा ड्यांगको बीचमा सनइ वा ढैंचा रोपिएको हुनुपर्ने ।

(४) सिंचाइः

(क) केरा खेती भएको क्षेत्रफललाई पुग्ने गरी सतह वा भुमिगत सिंचाइको व्यवस्था भएको हुनुपर्ने वा

(ख) थोपा सिंचाइ सहितको केरा खेती गर्ने भनी सम्झौता गरेका कृषकहरुले प्लाष्टिक मल्चिंग र थोपा सिंचाइ सुविधाको पूर्ण रुपमा जडान गरेको हुनुपर्ने ।

(५) बाली बीमाः

बाली बीमा गरेको हुनुपर्ने ।

(६) अन्य बाली व्यवस्थापनः

ज्ञान केन्द्रको प्राविधिक सरसल्लाह अनुसार झारपात, खाद्यतत्व तथा रोग कीरा व्यवस्थापन गरेको हुनुपर्ने ।

(७) कार्यक्रम सार्वजनिकीकरणः

(क) केरा खेती गरिएको स्थानमा अनुसुची-७ बमोजिमको होडिंग बोर्ड राखेको हुनुपर्ने

(ख) कार्यक्रमको सार्वजनिक परीक्षण गरेको हुनुपर्ने ।

## अनुसूची -५

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

## केरा खेतीको अनुमानित लागत विवरण

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

१ हेक्टर क्षेत्रफलमा व्यवसायिक केरा खेतीको लागत विश्लेषण

क) स्थिर खर्च (तपसिलका उपशीर्षकमा दफा १० उपदफा (१) को खण्ड (ख) अनुसार अनुदान दिइनेछ ।)

| सि. नं | विवरण | इकाई | परिमाण | दर(रु) | जम्मा (रु) | खप्ने वर्ष | प्रयोग गरिने क्षेत्रफल | ह्रासकट्टि (रु) |
|---|---|---|---|---|---|---|---|---|
| १ | औजार उपकरण | | | | | | | |
| १.१ | पावर टिलर | संख्या | १ | २००००० | २००००० | ५ | ३.५ | ११४२९ |
| १.२ | स्प्रेयर | संख्या | १ | ८००० | ८००० | २ | २.० | २००० |
| १.३ | कोदालो | संख्या | ४ | ७०० | २८०० | ५ | १.० | ५६० |
| १.४ | हसिया | संख्या | ४ | ३०० | १२०० | १० | १.० | १२० |
| २ | स्यालो ट्युववेल जडान | संख्या | १ | १००००० | १००००० | ८ | ५ | २५०० |
| | जम्मा | | | | | | | १६६०९ |

ख) चालू खर्च

| सि.नं | विवरण | इकाई | लागत | | | अनुदान प्रदान गरिने शिर्षक |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर (रु) | जम्मा (रु) | |
| १ | जग्गाको भाडा (वार्षिक) | हेक्टर | १ | ७५००० | ७५००० | |
| २ | जमिनको तयारी | | | | | |
| २.१ | जमिन तयारीका लागि ज्यामी | जवान | ० | | ० | |
| २.२ | जमिन तयारी तथा लेबलिङ्गका लागि ट्याक्टर | घण्टा | ६ | २००० | १२००० | १२००० |
| २.३ | जमिन तयारीका लागि पावरटिलर | घण्टा | | | ० | |
| ३ | केरा रोपाई | | | | ० | |
| ३.१ | सकर | संख्या | ० | | ० | |
| ३.२ | टिस्युकल्चर बोट | संख्या | २४०० | ४० | ९६००० | ९६००० |
| ३.३ | ज्यामी (खाडल खन्न र रोप्न) | जवान | ४५ | ५०० | २२५०० | |
| ४ | मलखाद (वार्षिक) | | | | | |
| ४.१ | प्राङ्गारिक मल | | | | ० | |
| ४.१.१ | तयारी प्राङ्गारिक मल | किलो | | | ० | |
| ४.१.२ | गोठेमल कुखुराको मल | ट्रली | ६ | ५००० | ३०००० | ३०००० |
| ४.१.३ | कम्पोष्ट मल | किलो | २००० | ५ | १०००० | १०००० |
| ४.२ | रारायनिक मल | | | | ० | |



निमित्त सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२.१ | युरीया | किलो | १२०० | २० | २४००० | |
| ४.२.२ | डि.ए.पी. | किलो | १२०० | ५० | ६०००० | |
| ४.२.३ | म्यूरेट अफ पोटास | किलो | १५०० | ३६ | ५४००० | |
| ४.२.४ | कम्प्लेक्सल | | | | ० | |
| ४.३ | सुक्ष्म खाद्यतत्वहरु | किलो | | | | |
| ४.३.१ | जिङ्क | किलो | १० | २०० | २००० | २००० |
| ४.३.२ | बोरेक्स | किलो | ५ | ३०० | १५०० | १५०० |
| ५ | बगैंचा व्यवस्थापन | किलो | ५ | | ० | ० |
| ५.१ | गोडमेल | | | | ० | |
| ५.१.१ | पावर टिलरका लागि डिजल | | ४२ | १०० | ४२०० | ४२०० |
| ५.१.२ | ज्यामी | लि. | १२ | ५०० | ६००० | |
| ५.२ | काँटछाँट | | | | | |
| ५.२.१ | काँटछाँट गर्न ज्यामी | जवान | ४५ | ५०० | २२५०० | |
| ५.३ | रोगकीरा व्यवस्थापन खर्च | जवान | | | ० | ० |
| ५.३.१ | विषादी | लि. | १८ | १४०० | २५२०० | २५२०० |
| ५.३.२ | विषादी छर्न ज्यामी | जवान | १८ | ५०० | ९००० | |
| ५.४ | सिंचाई | | | | | |
| ५.४.१ | डिजल खर्च | | | | | |
| ५.४.२ | बिजुली खर्च | युनिट | १५०० | १२ | १८००० | १८००० |
| ५.४.३ | सिंचाई गर्न ज्यामी | | | | | |
| ५.४ | डोरी/टेका | किलो | १५० | २०० | ३०००० | ३०००० |
| ६ | हार्भेष्टिङ (घरी काट्न) | जवान | ४५ | ५०० | २२५०० | |
| ७ | बजारसम्म ढुवानी खर्च | लमसम | | | ० | ० |
| ८ | व्यवस्थापन खर्च | | | | ० | |
| ९ | सञ्चार खर्च | लमसम | | | ५००० | |
| १० | चौकीदार खर्च | जवान | १ | २४००० | २४००० | |
| ११ | अन्य | | | | ० | |
| | जम्मा चालू खर्च | | | | ५५३४०० | २२८९०० |
| | कूल लागत (स्थिर+चालू) | | | | ५७०००९ | २४५५०९ |

१ हेक्टर क्षेत्रफलमा थोपा सिंचाइ सुविधा सहितको व्यवसायिक केरा खेतीको लागत विश्लेषण

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

क) स्थिर खर्च (तपसिलका उपशीर्षकमा दफा १० उपदफा (१) को खण्ड (क) अनुसार अनुदान दिइनेछ ।)

| सि.नं. | विवरण | इकाई | परिमाण | दर(रु) | जम्मा (रु) | खप्ने बर्ष | प्रयोग गरिने क्षेत्रफल | ह्रासकट्टि (रु) |
|---|---|---|---|---|---|---|---|---|
| १ | औजार उपकरण | | | | | | | |
| १.१ | पावर टिलर | संख्या | १ | २००००० | २००००० | ५ | ३.५ | ११४२९ |
| १.२ | स्प्रेयर | संख्या | १ | ८००० | ८००० | २ | २.० | २००० |
| १.३ | कोदालो | संख्या | ४ | ७०० | २८०० | ५ | १.० | ५६० |
| १.४ | हसिया | संख्या | ४ | ३०० | १२०० | १० | १.० | १२० |
| २ | थोपा सिंचाइ प्रणाली जडान | संख्या | १ | ९००००० | ९००००० | ५ | ३.० | ६०००० |
| | जम्मा | | | | | | | ६२६८० |

ख) **चालू खर्च**

| सि.नं. | विवरण | इकाई | लागत | | | अनुदान दिइने शिर्षक |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा | |
| १ | जग्गाको भाडा (वार्षिक) | हेक्टर | १ | ७५००० | ७५००० | |
| २ | जमिनको तयारी | | | | | |
| २.१ | जमिन तयारीको लागि ज्यामी | जवान | ० | | ० | |
| २.२ | जमिन तयारी तथा लेवलिङ्गका लागि ट्याक्टर | घण्टा | ६ | २००० | १२००० | १२००० |
| २.३ | जमिन तयारीका लागि पावरटिलर | घण्टा | | | ० | |
| २.४ | सिल्भर मल्चिङ्ग प्लाष्टिक ६० माइक्रोन, १.२ मी. चौडा | मिटर | ५००० | १० | ५०००० | ५०००० |
| ३ | केरा रोपाई | | | | ० | |
| ३.१ | सकर | संख्या | ० | | ० | |
| ३.२ | टिस्युकल्चर बोट | संख्या | २४०० | ४० | ९६००० | ९६००० |
| ३.३ | ज्यामी (खाडल खन्न र रोप्न) | जवान | ४५ | ५०० | २२५०० | |
| ४ | मलखाद (वार्षिक) | | | | | |
| ४.१ | प्राङ्गारिक मल | | | | ० | |
| ४.१.१ | तयारी प्राङ्गारिक मल | किलो | | | ० | |
| ४.१.२ | गोठेमल कुखुराको मल | ट्लाी | ६ | ५००० | ३०००० | ३०००० |
| ४.१.३ | कम्पोष्ट मल | किलो | २००० | ५ | १०००० | १०००० |



निमित्त सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२ | रासायनिक मल | | | | ० | |
| ४.२.१ | युरिया | किलो | १२०० | २० | २४००० | |
| ४.२.२ | सिंगल सुपर फोस्फेट | किलो | १२०० | २४ | २८८०० | |
| ४.२.३ | म्यूरेट अफ पोटास | किलो | १५०० | ३६ | ५४००० | |
| ४.२.४ | सुक्ष्म खाद्यतत्वहरु | | | | ० | |
| ४.२.४.१ | जिंक | किलो | १० | २०० | २००० | २००० |
| ४.२.४.२ | बोरेक्स/बोरिक एसिड | किलो | ३० | ३०० | ९००० | ९००० |
| ५ | बगैंचा व्यवस्थापन | | | | ० | |
| ५.१ | गोडमेल | | | | ० | |
| ५.१.१ | पावर टिलरको लागि डिजल | लि. | ४२ | १०० | ४२०० | ४२०० |
| ५.१.२ | ज्यामी | जवान | १२ | ५०० | ६००० | |
| ५.२ | काँटछाँट | | | | ० | |
| ५.२.१ | काँटछाँट गर्न ज्यामी | जवान | ४५ | ५०० | २२५०० | |
| ६ | रोगकीरा व्यवस्थापन खर्च | | | | ० | |
| ६.१ | विषादी | लि. | १८ | १४०० | २५२०० | २५२०० |
| ६.२ | विषादी छर्न ज्यामी | जवान | १८ | ५०० | ९००० | |
| ७ | सिंचाई | | | | ० | |
| ७.१ | डिजल खर्च | लि. | | | ० | |
| ७.२ | बिजुली खर्च | युनिट | १५०० | १२ | १८००० | १८००० |
| ७.३ | सिंचाई गर्न ज्यामी खर्च | जवान | ० | ० | ० | |
| ८ | डोरी/टेका | किलो | १५० | २०० | ३०००० | ३०००० |
| ९ | हार्भेष्टिङ(घरी काट्न) | जवान | ४५ | ५०० | २२५०० | |
| १० | बजारसम्म ढुवानी खर्च | लमसम | | | ० | |
| ११ | व्यवस्थापन खर्च | | | | ० | |
| ११.१ | सञ्चार खर्च | लमसम | | | ५००० | |
| ११.२ | चौकीदार | जवान | १ | २४००० | २४००० | |
| ११.३ | अन्य | | | | ० | |
| | जम्मा चालू खर्च | | | | ५७९७०० | २८६४०० |
| | कूल लागत (स्थिर+चालू) | | | | ६४२३८० | ३४९०८० |

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी कैलाली

निमित्त सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

## अनुसूची -६

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

### कार्य सम्पन्न प्रतिवेदनको नमूना

कृषकको नाम: ठेगाना:

केरा खेती गरिएको जग्गाको जि.पि.एस तथ्यांक:

| क्रं. सं. | सूचक | अनुगमन गर्दाको अवस्था | कैफियत |
|---|---|---|---|
| १. | जग्गा तयारी | • लेजर लेभलर प्रयोग गरि जमिन सम्याएको छ/छैन<br>• लाइन देखि लाइन २-२.५ मिटरको दुरीमा कम्तीमा ६० से.मि चौडाइ र १५ से.मि उचाइको ड्यांग तैयार गरेको छ / छैन<br>• थोपा सिंचाइ जडान हुने बारीमा कम्तीमा २० माइक्रोन मोटाइ भएको सिल्भर प्लाष्टिकले ड्यांगमा छापो दिइएको छ / छैन | |
| २. | बेर्ना | • प्रति हेक्टर कम्तीमा २४०० का दरले गुणस्तर खुल्ने टिस्युकल्चर केरा बेर्ना रोपेको छ / छैन | |
| ३. | हरियो मल | • केरा बेर्ना संगै ड्यांगमा वा दुइ वटा ड्यांगको बीचमा सनइ वा ढैंचा रोपिएको छ / छैन | |
| ४. | सिंचाइ | • केरा खेती भएको क्षेत्रफल लाइ पुग्ने गरि सतह वा भुमिगत सिंचाइको व्यवस्था छ / छैन वा<br>• थोपा सिंचाइ सुविधाको पुर्णरुपमा जडान गरेको छ / छैन | |
| ५. | बाली बीमा | • बाली बीमा गरेको छ / छैन | |
| ६. | अन्य बाली व्यवस्थापन | • ज्ञान केन्द्रको प्राविधिक सरसल्लाह अनुसार झारपात, खाद्यतत्व तथा रोगकिरा व्यवस्थापन गरेको छ / छैन | |
| ७. | कार्यक्रम सार्वजनिकीकरण | • अनुसुचि ४ बमोजिमको होडिंग बोर्ड राखेको छ / छैन<br>• कार्यक्रमको सार्वजनिक सुनुवाई गरेको छ / छैन | |
| | | | |
| जम्मा रोपिएको बेर्ना संख्या: | | | |
| जम्मा केरा खेती भएको क्षेत्रफल (अनुदानका लागि भुक्तानी योग्य क्षेत्रफल): | | | |
| जम्मा पाउने अनुदान रकम रु: | | | |

तयार गर्ने काम गर्ने जाँच गर्ने सदर गर्ने

छाप

निमित्त सचिव

अनुसूची -७

(दफा ८ को उपदफा (१०) को अनुसुची-३ को बुँदा नं ४ सँग सम्बन्धित)

<u>होर्डिंग बोर्डको नमुना</u>

बोर्डको साइज ३X४ वर्ग फिट

| |
|---|
| **प्रिसिजन केरा खेती विस्तार कार्यक्रम** |
| कृषक/कृषक संस्थाको नाम: |
| ठेगाना: |
| केरा खेती गरिएको क्षेत्रफल: |
| केरा बेर्ना रोपाँइ सम्पन्न भएको मिति: |
| जम्मा अनुदान रकम रु.: |
| सहयोगी निकाय: |
| कृषि ज्ञान केन्द्र..... |

निमित्त सचिव